# आठविसकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## आठविसकोट, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/१०/२२

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर............

# छुवाछुत तथा भेदभाव विरुद्धको मौलिक हक कार्यान्वयन सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः २०७५/१०/२२ गते)

नेपालको संविधान, २०७२ को धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकको रुपमा व्यवस्था गरिएको छ । जसको ;

- उपधारा (१) अनुसार कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेशा, व्यवसाय वा शारीरिक अवस्थाको आधारमा कुनै पनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन् ।
- उपधारा (२) अनुसार कुनै वस्तु, सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई खरीद वा प्राप्त गर्नबाट रोक लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र बिक्री वितरण वा प्रदान गरिने छैन् ।
- उपधारा (३) अनुसार उत्पत्ति, जात, जाति वा शारीरिक अवस्थाको आधारमा कुनै व्यक्ति वा समुदायलाई उच्च वा नीच दर्शाउने, जात, जाति वा छुवाछूतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछूत तथा जातीय उच्चता वा घृणामा आधारित विचारको प्रचार प्रसार गर्न वा जातीय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन् ।
- उपधारा (४) जातीय आधारमा छुवाछूत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन् ।
- उपधारा (५) यस धाराको प्रतिकूल हुने गरी भएका सबै प्रकारका छुवाछूत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रूपमा कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

मुलुकी अपराध संहिता ऐन, २०७४ को दफा १६६ अनुसार कसैले कसैलाई प्रथा, परम्परा, धर्म, संस्कृति, रितीरिवाज, जात, जाती, समुदाय, पेशा, व्यवसाय, शारीरिक अवस्था वा सामाजिक सम्प्रदायको उत्पत्तीको आधारमा छुवाछुत वा अन्य कुनै किसिमको भेदभाव गर्न वा सार्वजनिक

सम्पर्क नं.
९७४१३८९९६१
९७४८५८३१३८


मितिः २०७५/१०/२२

पत्र संख्याः २०७५/०७६ (सू.अ.व्य.केन्द्र)

चलानी नम्बर............

स्थलमा उपस्थित हुन वा कुनै सार्वजनिक प्रकृतिका धार्मिक स्थलमा प्रवेश गर्न रोक्न वा सार्वजनिक प्रयोगमा रहेको पानी, पधेरो प्रयोग गर्नबाट बञ्चित गर्न वा अन्य कुनै निजी वा सार्वजनिक उपयोग वा सुविधाका कुराको प्रयोग गर्नबाट बञ्चित गर्न हुँदैन र यसमा उल्लेखित बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ र राष्ट्रसेवकले यस दफामा लेखिएको कसुर गरेमा थप तीन महिनासम्म कैद सजाय हुनेछ ।

तसर्थ यस नगरपालिकाभित्रका केही स्थानहरुमा समेत छुवाछुत तथा भेदभावजन्य व्यवहार तथा कसूर भईरहेको भनि बुझिन आएकोले कोही कसैले छुवाछुत तथा भेदभावजस्तो अमानवीय व्यवहार गरेमा वा गर्न खोजेमा माथि उल्लेख भएअनुसार सजाय हुने भएकोले कोही कसैले यस्तो कसूर गरेमा तत्काल सम्बन्धित वडा कार्यालय वा नगरपालिका कार्यालयमा सम्पर्क गर्नु हुन वा मोवाइल नं,९७४१३८९९६१ . ९७४८५८३१३८ वा ९८४९२८१०९७ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

रामबहादुर के.सी.
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत